त्रिभुवन विश्वविद्यालय
रजिष्ट्रारको कार्यालय
सूचना तथा जनसम्पर्क महाशाखा

काठमाडौं, नेपाल ।
फोन : ०१-४३३०३४६

प.सं.सू.ज.म.शा. च.नं. :

मिति : २०७७।०४।०६

# त्रिभुवन विश्वविद्यालयका क्याम्पसहरु सुचारु हुने सम्बन्धि अत्यन्त जरुरी सूचना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड - १९) को नेपालमा संभावित जोखिम नियन्त्रणका लागि विशेष सचेतता अपनाई पूर्वतयारी एवं सतर्कता अवलम्बन गर्न आवश्यक रहेकोले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पस/विभागहरुमा सञ्चालित नियमित कक्षा तथा परीक्षा लगायत सम्पूर्ण शैक्षिक गतिविधि स्थगित गरी शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुलाई विदा दिइ सबै क्याम्पस/कार्यालयहरु २०७६ चैत्र १० गतेदेखि बन्द गरिएको र नेपाल सरकारले मिति २०७६ चैत्र ११ गतेबाट राष्ट्रव्यापी लकडाउनको घोषणा गरेका कारण लकडाउन कायम रहुञ्जेलसम्मका लागि त्रि.वि.का क्याम्पसहरुको शैक्षिक गतिविधि स्थगित रहेकोमा विश्वविद्यालयको प्रशासन २०७७ असार १ गतेदेखि खुले पनि शिक्षकहरुलाई सार्वजनिक विदा दिइदै आएकोमा २०७७ साउन ६ गते मध्यरातदेखि नेपाल सरकारले लकडाउन अन्त्य गर्ने निर्णय गरेकोले उक्त सार्वजनिक विदा पनि समाप्त भएको हुँदा विद्यार्थीहरुको नियमित पठनपाठन, पुस्तकालय सञ्चालनलगायत नेपाल सरकारले निषेध गरेका कार्यहरु बाहेक अन्य सबै कार्यहरु सञ्चालन गर्ने गरी त्रिभुवन विश्वविद्यालयका सबै क्याम्पसहरु नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा निर्देशिकालाई अवलम्बन गर्दै २०७७ साउन ७ गतेदेखि सुचारु हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सूर्यप्रसाद अधिकारी
प्रमुख